संख्याः १ बैठक प्रारम्भः दिनको ठिक ११:०० बजे

मितिः- २०८३/०५/०५ बैठक समापनः

नेपालको संविधान धारा २१५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम रामप्रसादराई गाउँपालिकाका अध्यक्ष श्री थाम बहादुर राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा रामप्रसादराई गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक बसी निम्न लिखित निर्णयहरू गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री थाम बहादुर राई | |
| २ | उपाध्यक्ष | श्री वीरेन्द्र राई | |
| ३ | सदस्य | श्री जोगेन्द्र राई | |
| ४ | सदस्य | श्री राजकुमार तामाङ | |
| ५ | सदस्य | श्री रामु थापा मगर | |
| ६ | सदस्य | श्री बाबु कुमार राई | |
| ७ | सदस्य | श्री जगत बहादुर चौहान | |
| ८ | सदस्य | श्री एकराज आचार्य | |
| ९ | सदस्य | श्री मनकाजी राई | |
| १० | सदस्य | श्री बाच कुमार राई | |
| ११ | सदस्य | श्री अजम राई | अजम राई |
| १२ | सदस्य | श्री सविना तामाङ | |
| १३ | सदस्य | श्री बिना वि.क. | |
| १४ | सदस्य | श्री प्रतिमा राई | प्रतिमा |
| १५ | सदस्य | श्री मिलन वि.क. | |
| १६ | सदस्य | श्री अशोक कुमार खवास | |
| १७ | सदस्य सचिव | श्री प्रदिप राई | |
| | | आमन्त्रित उपस्थिति | |
| १ | प्रशासन शाखा प्रमुख | श्री आङलाक्पा तामाङ | |
| २ | लेखा शाखा | श्री ईन्द्र कुमार घिमिरे | |
| ३ | योजना शाखा | श्री ज्ञानराज भट्टराई | |
| ४ | [illegible] | श्री जानुका सुयल | |

**१) आ. व. ०८२/०८३ को वार्षिक समीक्षा सम्बन्धमा।**

यस सम्बन्धमा छलफल गर्दा आ.व. ०८२/०८३ मा गाउँपालिकाले क्षेत्रगत रुपमा विनियोजित बजेटबाट कार्यक्रम सञ्चालन गरेको, सम्झौता भई सञ्चालन भएका योजनाहरुको निर्माण कार्य निर्धारित समयमा सम्पन्न भएको,पालिकाको गौरवको योजना पाहुना घर तथा शहिदपार्क निर्माण कार्य उक्त आ. व. मा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरिएको भएता पनि केही काम पूरा हुन बाकी रहेकोले चालु मसान्तसम्म म्याद थप गरिएको, त्यसै गरी ओख्ले, भुम्के, बैकुण्ठे सडक स्तरोन्नतिको काम पनि समयमा सम्पन्न हुन नसकी मंसिर मसान्तसम्म म्याद थप गर्नु परेको बाहेक आ. व. ०८२/०८३ को सबै योजना/कार्यक्रमहरु समयमा सम्पन्न गरी फरफारौक गरिएको हुँदा निम्नानुसारको वित्तीय तथा भौतिक प्रगति रहेको निर्णयका साथ भए गरेको प्रगति विवरण सार्वजनिक गर्ने समेतको निर्णय गरियो।

तपसिल:-

क) गाउँपालिका तर्फ:-

| सि. न. | विषय क्षेत्र/उपक्षेत्र | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | सामाजिक विकास | ७१% | |
| २ | आर्थिक विकास | ८७% | |
| ३ | पूर्वाधार विकास | ८२% | |
| ४ | सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | ८९% | |
| ५ | कार्यालय सचालन तथा प्रशासनिक | ९७% | |

ख) वडाकार्यालय तर्फ:-

| सि. न. | वडा न. | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | वडा न. १ | ८७% | |
| २ | वडा न. २ | ९९% | |
| ३ | वडा न. ३ | ९४% | |
| ४ | वडा न. ४ | ९९% | |
| ५ | वडा न. ५ | ९२% | |
| ६ | वडा न. ६ | ९३% | |
| ७ | वडा न. ७ | ७२% | |
| ८ | वडा न. ८ | ८८% | |

**ग) समग्रमा:-**

पुँजीगत- ८२ प्रतिशत

चालु- ९० प्रतिशत

**२) दररेट स्वीकृत गर्ने सम्बन्धमा।**

यस सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष २०८३/०८४ को लागि पेश भएको दररेट स्वीकृत गर्ने निर्णय गरियो।

३) कर्मचारी सरुवा सहमति प्रदान सम्बन्धमा ।

यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत देहाय बमोजिमको कर्मचारीले आफ्नो घरायसी तथा पारिवारिक समस्याको कारण देखाई कार्यालयमा नियमित रुपमा उपस्थिति रही कामकाज गर्न असमर्थ भएकोले अन्तर स्थानीय तहमा सरुवा भई जानको लागि सरुवा सहमती माग गरेको हुदाँ निज कर्मचारीको माँगलाई मध्यनजर गरी कार्यालयमा नियमित हाजिर भई तोकिएको कामकाज सम्पादन गर्न नसकेको हुदाँ निजलाई अन्यत्र सरुवा भई जानको लागि "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा २४ को उपदफा ४ बमोजिम सरुवा सहमती दिने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स. | कर्मचारीको नाम, थर | पद, तह | क.स.न. | सेवा/समूह |
|---|---|---|---|---|
| १ | दिपेश श्रेष्ठ | सहायक पाचौ (सव इन्जिनियर) | २४१२९१ | इन्जिनियरिङ/समूह सिभिल |
| २ | वीपिन खत्री | सहायक पाचौ | | प्रशासन/सामान्य प्रशासन |

४) खरिद गुरुयोजना स्वीकृत सम्बन्धमा ।

यस सम्बन्धमा छलफल गर्दा खरिद समितिले तयार गरी पेश गरेको वार्षिक खरिद योजना लाई अनुमोदन गर्ने निर्णय गरियो

५) योजना/कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

गाउँ सभाको १९ औं अधिवेशनबाट पारित चालु आ.व. ०८३/०८४ मा कार्यान्वयन हुने सबै योजना कार्यक्रमहरु वार्षिक खरिद कार्य योजना अनुसार गर्ने र लाभग्राही समुदायबाट संचालन हुने योजनाको हकमा सबै वडा कार्यालयले भाद्र मसान्त भित्र समिति गठन गर्ने र गठित समितिको पदाधिकारीहरुलाई आवश्यकताको आधारमा कार्यालयको तर्फबाट अभिमुखिकरण कार्य गर्ने गराउने तथा शाखाहरुबाट सम्पादन हुने योजना/कार्यक्रमहरुको हकमा कार्यालय प्रमुखले सबै शाखाहरुलाई समयमा कार्य सम्पादन गर्न निर्देशन गर्ने, नेपाल जलवायु नमुना कार्यक्रमको हकमा माघ मसान्तसम्ममा सबै निर्माण कार्य सम्पन्न गराउने गरी अगाडि बढ्न योजना शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

६) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा ।

स्वः मुल्याकन समन्वय समितिको नेतृत्वमा कार्यालयको सबै शाखामा कार्यरत कर्मचारीहरुको सकृय सहभागितामा आफ्नो कार्यसम्पादनको स्वः मुल्याकन गर्दा प्रारम्भिक नतिजा ७७.७ अक देखिएको हुँदा उक्त नतिजालाई कार्यपालिकाको सम्बन्धित विषयगत समितिमा छलफलका लागि पठाउने निर्णय गरियो ।

७) विविध ।

क) आर्थिक सहयोग सम्बन्धमा छलफल गर्दा निम्नानुसारको व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क्र सं | नामथर | ठेगाना | रोगको प्रकार | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | अम्बिका राई | रामप्रसादराई गा. पा. ५ | क्यान्सर | रु. ६००००।- | |
| २ | सरस्वती राई | रामप्रसादराई गा. पा. ४ | क्यान्सर | रु. ६०००० | |
| ३ | शान्तमाया राई | रामप्रसादराई गा पा ७ | क्यान्सर | रु. ६०००० | |
| ४ | नगेन्द्र भुजेल | रामप्रसादराई गा. पा. ४ | क्यान्सर | रु. ६०००० | |
| ५ | सुजना तामाङ | रामप्रसादराई गा. पा. ६ | मुटु | रु. ६०००० | |

ख) सरकारी विदाको दिनमा कार्यालयको नाममा दर्ता भएको सवारीसाधन प्रयोगमा रोक लगाउने, यदि सवारीसाधन प्रयोग गर्नुपर्ने भएमा कार्यालयको अनुमति लिएर सवारी पास बनाइ प्रयोग गर्ने गराउने निर्णय गरियो।

ग) १ न. वडा कार्यालय ओखेको मिति २०८३/०४/०४ को वडा समितिको निर्णय न. १ अनुसार उच्च अदालत धनकुटामा लाग्ने सबै खर्च गाउँपालिकाबाट व्यहोर्ने निर्णय गरियो।

घ) पाहुना घर तथा शहिद पार्क निर्माणको डिजाइन इष्टिमेटमा केही फेरबदल भइ भेरियसन आदेश (VO) गर्नु पर्ने भएको भनी पूर्वाधार शाखाबाट प्राप्त निवेदन अनुसार उक्त योजनाको (VO) गर्न स्वीकृति दिने निर्णय गरियो।

ङ) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग को मिति २०८३/०४/०५ च. न. ०४ को पत्रको बुँदा न. ७ अनुसारको सेवा सुविधा नियमानुसार आ. व. को शुरुदेखि प्रदान गर्ने निर्णय गरियो।

च) जिल्ला समन्वय समितिको कार्यालय भोजपुर को मिति २०८३/०३/२४ को अनुगमन प्रतिवेदन अनुसार प्रदान गरिएको पृष्ठ पोषण प्रति कार्यपालिका कृतज्ञ रहेको र प्राप्त सल्लाह सुझाव अनुसार योजना कार्यक्रम कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

छ) वडा न. १, २, ३, र ४ बाट गाउँपालिका केन्द्र आउने मुख्य सडक अन्तर्गत माटीकोरे- बेहेरेखोला-सिरिसे र खानीगाउँ-बेहेरेखोला-कन्यदह खण्डको सडक किनारामा सामान्य पहिरो तथा अत्याधिक झाडीका कारण यातायातको साधन संचालनमा कठिनाइ भएकोले मर्मत सम्भारको व्यवस्था मिलाउने निर्णय गरियो।